फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: info@deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)
नयाँ वानेश्वर, काठमाडौं

पत्र संख्या :- ०८०/८१
चलानी नं.:- ५८६

## सहकारी विभागको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संघसंस्थाहरुलाई सहकारी विभागबाट जारी गरिएको निर्देशन

निर्देशन जारी मिति: २०८०/७/२४

सहकारी क्षेत्रमा हाल देखा परेको समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. जयकान्त राउतको संयोजकत्वमा गठित सहकारी क्षेत्र सुधार सुझाव कार्यदल, २०८० ले दिएको सुझाव कार्यान्वयन गरी सहकारी क्षेत्रमा सुशासनका कायम गर्नका लागि यस विभागको नियमन क्षेत्राधिकारभित्र पर्ने सहकारी संस्थाहरुले तपसिल बमोजिम गर्नु गराउनुहुन सहकारी नियमावली, २०७५ को नियम ७६(झ) ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

**१. स्वेतपत्र जारी गर्ने**

सबै सहकारी संघसंस्थाहरुले २०८० साल मंसिर मसान्तभित्र संस्थाको बचत दायित्व, लगानी तथा सम्पत्ती लगायतका वित्तीय विवरण समेटिएको स्वेतपत्र जारी गरी विभागमा पेश गर्ने।

**२. बचत फिर्ता कार्ययोजना निर्माण गरी पेश गर्ने**

बचत तथा ऋणको मूख्य कारोवार गर्ने सबै सहकारी संघसंस्थाहरुले २०८० चैत्र मसान्तभित्र माग अनुसारको सम्पूर्ण बचत रकम फिर्ता गर्ने गरी बचत फिर्ता कार्ययोजना २०८० साल मंसिर मसान्तभित्र पेश गर्ने।

**३. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समिति सदस्यहरु र व्यवस्थापकको सम्पती विवरण पेश गर्ने**

सबै सहकारी संघसंस्थाका सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिका सदस्यहरु र व्यवस्थापकको सम्पत्ति विवरण संकलन गरी त्यसलाई पुष्टि गर्ने कागजात सहित २०८० साल मंसिर मसान्तभित्र विभागमा पेश गर्ने।

**४. कोपोमिस प्रणालीमा विवरण प्रविष्टी गर्ने**

सबै सहकारी संघसंस्थाहरुले अनिवार्य रुपमा कोपोमिस प्रणालीमा तोकिए बमोजिमका विवरण प्रविष्टी गर्ने ।

(नरराज घिमिरे)
रजिष्ट्रार